नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**मूल्य अभिवृद्धि कर (VAT) का झुट्टा तथा नक्कली विजकको प्रयोग गर्ने एस एण्ड एस अफसेट प्रेस उपर रु. २,७९,७९,१९५।- विगो तथा भन्सार चोरी पैठारी गर्ने व्यक्तिहरु उपर विगो गाडी जफत गरी रु. ३,३५,००,०००।- समेत गरी जम्मा विगो रु. ६,१४,७९,१९५।- (छ करोड चौध लाख सन्तानब्बे हजार एक सय पन्चानब्बे) विगो तथा विगोको दोब्बरसम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।**

**१. काभ्रेपलान्चोक, पोखरी चौरी -८ मा स्थायी वसोवास भई हाल काठमाण्डौ महानगरपालिका -३२ वस्ने एस एण्ड एस अफसेट प्रेस (स्थायी लेखा नं. ३०२४७५६९८) को प्रोप्राईटर रामशरण गौतमलाई राजस्व चुहावट गरेको अभियोगमा रु. २,७९,७९,१९५ ।- विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजायको मागदावी लिई मिति २०७६-०८-१८ गते मुद्दा दर्ता गरिएको ।**

**एस एण्ड एस अफसेट प्रेस (स्थायी लेखा नं. ३०२४७५६९८)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु. अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), (च) र (छ) बमोजिमको कसुर गरी **मु.अ.कर तर्फ रु. ८२,६२,०८२।९७** र **आयकर तर्फ रु. १,९७,१७,११२।०३** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. २,७९,७९,१९५।- (अक्षरुपी दुई करोड उनान्असी लाख उनान्असी हजार एकसय पचान्नब्बे रुपैया)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **एस एण्ड एस अफसेट प्रेसका** प्रोप्राईटर **रामशरण**

**गौतमलाई** उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम **रु. २,७९,७९,१९५।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।१८ गते मुद्दा दर्ता गरिएको ।

## २. जिल्ला नुवाकोट विदुर नगरपालिका -१३ बस्ने सन्त वहादुर ओझा समेत ६ जनाले राजस्व चुहावट गरेको अभियोगमा १ करोड ७२ लाख विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।२० गते मुद्दा दायर।

जिल्ला नुवाकोट विदुर नगरपालिकाका सन्त वहादुर ओझा, सन्तोष राई, रन्जिप श्रेष्ठ, बैतडी पुचौडी भट्ना गाउपालिका -८ का कृष्णानन्द भट्ट, विरगञ्ज महानगरपालिका -३ का निजामुद्धिन र तेह्रथुम आठराई गाउपालिका -४ का अभयराज घिमिरे समेत ६ जनाले भारतबाट भन्सार चोरी पैठारी गरी भारतीय नम्वर प्लेटका गाडीहरु नेपालमा ल्याई नक्कली नम्वर प्लेट लगाई विक्री वितरण गरी राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एबं सोही ऐनको दफा ४(क), ४(ख) र ४(ग) बमोजिमको कसुरजन्य कार्य गरी **रु. १,७२,००,०००।- (एक करोड वहत्तर लाख)** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो मूल्य रु. **१,७२,००,०००।-** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले उक्त गाडी भन्सार चोरी पैठारी गर्ने रन्जिप श्रेष्ठ समेतका प्रतिवादीहरुबाट उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ वमोजिम विगो गाडी जफत गरी विगो रकम रु. **१,७२,००,०००।-** को दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

## ३. जिल्ला नुवाकोट विदुर नगरपालिका -८ बस्ने रन्जिप श्रेष्ठ समेत ५ जनाले राजस्व चुहावट गरेको अभियोगमा १ करोड ६३ लाख विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।२० गते मुद्दा दायर।

जिल्ला नुवाकोट विदुर नगरपालिकाका रन्जिप श्रेष्ठ, सन्तोष राई, सन्त बहादुर ओझा, बैतडी भट्नापुडचौर गाउपालिका -८ का कृष्णानन्द भट्ट र विरगञ्ज महानगरपालिका -३ का निजामुद्धिन समेत ५ जनाले भारतबाट भन्सार चोरी पैठारी गरी भारतीय नम्वर प्लेटका गाडीहरु नेपालमा ल्याई नक्कली नम्वर प्लेट लगाई विक्री वितरण गरी राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एबं सोही ऐनको दफा

४(क), ४(ख) र ४(ग) बमोजिमको कसुरजन्य कार्य गरी **रु. १,६३,००,०००।- (एक करोड त्रिसठ्ठी लाख)** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो मूल्य रु. **१,६३,००,०००।-** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले उक्त गाडी भन्सार चोरी पैठारी गर्ने रन्जिप श्रेष्ठ समेतका प्रतिवादीहरुबाट उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ वमोजिम विगो गाडी जफत गरी विगो रकम रु. **१,६३,००,०००।-** को दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**